**पोखरा विश्वविद्यालयका कुलपति तथा सम्माननीय प्रधानमन्त्रीज्यू, सहकुलपति माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू, उपकुलपतिज्यू, रजिष्ट्रारज्यू, पदाधिकारीज्यूहरू, माननीय सभासद्ज्यूहरू, आमन्त्रित विशिष्ट अतिथि तथा प्रतिनिधिज्युहरू, आदरणीय प्राध्यापकज्यू तथा कर्मचारीज्यूहरू, अभिभावकज्यूहरू, आमन्त्रित पत्रकारज्यूहरू तथा आज दीक्षित हुँदै गरेका सम्पूर्ण विद्यार्थीहरू ।**

**नमस्कार !**

आजको यस विशेष अवसरमा तपाईंहरू माझ उपस्थित हुन पाउँदा मैले अत्यन्तै सम्मानित र हर्षित महसुस गरिरहेको छु । यो अवसर केवल यहाँहरूका लागि मात्र होइन, तपाईंहरूका अभिभावक, शिक्षक तथा साथीहरूका लागि पनि एक गौरवको क्षण हो । तपाईंहरूको कठिन परिश्रम, दृढ संकल्प र अथक प्रयासले आजको दिन सम्भव बनेको छ ।

सर्वप्रथम, म यहाँहरू सबै दीक्षित हुनुहुने विद्यार्थीहरूलाई हार्दिक बधाई दिन चाहन्छु । तपाईंहरूले कठोर परिश्रम, अनुशासन र दृढ इच्छाशक्तिको माध्यमबाट यहाँसम्मको यात्रा तय गर्नुभएको छ । अध्ययनका क्रममा बिताएका अनगिन्ती रातहरू, चुनौतीपूर्ण परीक्षा, दुबिधा र संघर्षका क्षणहरू तपाईंहरूको जीवनको महत्वपूर्ण अंग बनेका छन् । तपाईंहरूको लगनशीलता, समर्पण र धैर्यले नै आजको यो उपलब्धि सम्भव बनाएको छ ।

तर, आजको दिन केवल एउटा प्रमाणपत्र प्राप्त गर्ने दिन मात्र होइन । यो एक नयाँ यात्राको सुरुवात हो । विश्वविद्यालयका विद्यार्थीको परिचयबाट अघि बढ्दै, तपाईंहरू अब समाजका जिम्मेवार नागरिक बन्नु भएको छ । तपाईंहरूले यहाँ सिकेका ज्ञान, सीप र नैतिक मूल्यहरू प्रयोग गरी समाजमा सकारात्मक परिवर्तन ल्याउनुहुनेछ भन्ने विश्वास छ । तपाईंहरूको प्रयासले राष्ट्रको उन्नति, सामाजिक सुधार र आर्थिक समृद्धिमा योगदान गर्नेछ ।

नेपाल विविधतामा धनी राष्ट्र हो । हाम्रो समाज विभिन्न जाति, धर्म, भाषा र संस्कृतिका मिश्रणबाट बनेको छ, जसले शान्तिपूर्ण सह-अस्तित्वको उदाहरण प्रस्तुत गरेको छ । तर, सामाजिक समानता र समावेशीता अझै पनि चुनौतीकै रूपमा रहेका छन् । केही वर्ग र समुदायहरू अझै पनि

अवसरबाट वञ्चित छन्, महिला र बालबालिकाको अधिकारको संरक्षण अझै सुनिश्चित हुन बाँकी छ र विकसित तथा अविकसित क्षेत्रहरू बीचको असमान अझै विद्यमान छ ।

हामी सबैले मिलेर सामाजिक संरचनामा सुधार ल्याउनु आवश्यक छ । समान अवसर र अधिकार सुनिश्चित गर्दै, समावेशी समाजको निर्माण गर्नु हाम्रो साझा लक्ष्य हुनुपर्छ । केवल शिक्षा प्राप्त गरेर मात्र होइन, त्यसलाई व्यवहारमा उतार्दै, हाम्रा सामुदायिक तथा राष्ट्रिय जिम्मेवारीहरू बहन गर्दै, हामीले परिवर्तनको मार्ग प्रशस्त गर्न सक्छौं ।

महिलाहरूको सशक्तिकरण, शिक्षा र स्वास्थ्य सेवामा पहुँच सुधार र समाजका हरेक वर्गको सामाजिक सुरक्षा सुनिश्चित गर्न सरकार र नागरिक दुवैले निरन्तर प्रयास गर्नुपर्ने आवश्यकता छ । यस कार्यमा विश्वविद्यालयहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ । शिक्षण संस्थाहरू केवल ज्ञान प्रदान गर्ने थलो मात्र नभएर समतामूलक समाज निर्माणका मार्गदर्शक पनि हुन् ।

नेपालमा पछिल्ला वर्षहरूमा शिक्षा प्रणालीमा उल्लेखनीय सुधारहरू भएका छन् । विशेष गरी, पाठ्यक्रममा समावेशी दृष्टिकोणलाई स्वीकार गर्दै, डिजिटल प्रविधि र शैक्षिक नवाचारलाई प्राथमिकता दिइएको छ । तथापि, हाम्रो शिक्षा प्रणाली अझै पनि विश्वस्तरका गुणस्तरीय शिक्षा मानकहरूसँग मेल खान सकेको छैन । यस चुनौतीलाई समाधान गर्न सबै पक्षको सहयोग आवश्यक छ ।

शिक्षा मानव सभ्यताको मूलस्तम्भ हो । यो केवल विद्यमान ज्ञान प्राप्त गर्नका लागि नभई व्यक्तिको सामाजिक, मानसिक र सांस्कृतिक उत्थानका लागि पनि अपरिहार्य छ । नेपालमा शैक्षिक पहुँच विस्तार भएका छन्, तर गुणस्तरीय शिक्षा प्रदान गर्ने सवालमा अझै चुनौतीहरू छन् । ग्रामीण र शहरी क्षेत्रका विद्यालयहरूबीचको असमानता, योग्य र प्रशिक्षित शिक्षकहरूको अभाव तथा शिक्षा सामग्री र सुविधाहरूको असमान वितरण जस्ता समस्याहरूले हाम्रो शैक्षिक प्रणालीलाई प्रभावित गरिरहेका छन् ।

आजको युगमा, शिक्षा केवल किताबी ज्ञानमा सीमित हुनुहुन्न । प्रविधिको समावेश र जीवन उपयोगी सीपहरूको प्रशिक्षण अत्यावश्यक छ ।

शिक्षकहरूको क्षमता अभिवृद्धि, पाठ्यक्रम सुधार, तथा समान शैक्षिक अवसरहरूको सुनिश्चितता वर्तमान आवश्यकता बनेको छ । साथै, वैज्ञानिक सोच, रचनात्मकता र आलोचनात्मक क्षमताहरूको विकासमा ध्यान दिनुपर्छ ताकि विद्यार्थीहरू भविष्यका चुनौतीहरूको सामना गर्न सक्षम बनून् ।

हामी यस्तो समयमा छौं, जहाँ शिक्षा निरन्तर परिवर्तनशील छ। परम्परागत शिक्षा प्रणाली अब प्रविधि, अनुसन्धान  र व्यावहारिक ज्ञानसँग मिलेर नयाँ मोडतर्फ उन्मुख भएको छ । दीक्षित विद्यार्थीहरूलाई म आग्रह गर्न चाहन्छु कि शिक्षा प्राप्त गरेपछि आफ्नो ज्ञानलाई समाज र राष्ट्रको सेवामा लगाउन तत्पर बनुन् । ज्ञानको सही प्रयोगले मात्र समाज रूपान्तरण सम्भव छ ।

नेपालको अर्थतन्त्र मुख्यतः कृषि, पर्यटन र सेवा क्षेत्रमा निर्भर छ । कृषि क्षेत्र हाम्रो अर्थतन्त्रको मेरुदण्ड हो, तर यस क्षेत्रको उत्पादन क्षमता अझै सुधार गर्नुपर्ने आवश्यकता छ । नेपालमा प्राकृतिक स्रोतहरूको अपार सम्भावना भए तापनि, यी स्रोतहरूको उपयोग आधुनिक प्रविधिको माध्यमबाट गर्नुपर्छ । नेपालले पछिल्ला वर्षहरूमा आर्थिक वृद्धिको संकेतहरू देखाए तापनि, रोजगार, उद्योग र प्रविधिको क्षेत्रमा अझै ठूलो सुधार आवश्यक छ। विशेष गरी युवा वर्गमा बेरोजगारीको दर उच्च छ, जसलाई समाधान गर्न हामीले नवीनतम नीति, उद्यमशीलता र प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपदर्छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वर्ष २०२३ मा लगभग ३१.६ अर्ब अमेरिकी डलर थियो । यद्यपि, नेपालको आर्थिक समृद्धि अझै असंतुलित छ। बेरोजगारी दर करिब ४.४% रहेको छ (नेपाल राष्ट्र बैंक २०२३), जसमा प्रमुख चुनौती भनेको युवाहरूको उच्च बेरोजगारी हो । नेपालका धेरै नागरिकहरू वैदेशिक रोजगारीमा निर्भर छन् । सन् २०२२ मा नेपालले ८.१ अर्ब अमेरिकी डलर बराबरको रेमिट्यान्स प्राप्त गरेको तथ्यांकले देखाउँछ कि हाम्रो अर्थतन्त्र अझै प्रवासी श्रमिकहरूमा निर्भर छ । तथापि, दीर्घकालीन आर्थिक समृद्धिका लागि आन्तरिक उत्पादन, उद्यमशीलता र औद्योगिक विकासलाई प्रवर्द्धन गर्नुपदर्छ ।

नेपालका सामाजिक, आर्थिक र शैक्षिक अवस्था अझै विकासको चरणमा छन् । यद्यपि, सुधारका प्रशस्त अवसरहरू छन् । सरकार, नागरिक समाज

र निजी क्षेत्रबीच सहकार्य गरी नेपाललाई समृद्धिको मार्गतर्फ अघि बढाउनुपर्छ। समावेशी आर्थिक वृद्धि, समान अवसर र शिक्षामा लगानीले मात्र नेपाललाई एक स्थायी रूपमा समृद्ध राष्ट्र बनाउन सक्छ।

शिक्षा नै दिगो विकास र आर्थिक समृद्धिको मूल आधार हो। वर्तमान समयमा शिक्षा केवल किताबी ज्ञानमा सीमित हुनुहुँदैन। विद्यार्थीहरूलाई नविन सोच, विश्लेषणात्मक क्षमता, र समस्या समाधान गर्ने सीप प्रदान गर्नुपर्छ। गुणस्तरीय शिक्षा भनेको डिजिटल सीप, सामूहिक कार्य र व्यक्तित्व विकासको शिक्षापद्धति हो। सूचना प्रविधिको व्यापक प्रयोग र अनलाइन अध्ययनका माध्यमबाट विद्यार्थीहरूको पहुँच र क्षमता दुवै बढाउन सकिन्छ। शिक्षा प्रणालीलाई यस्तो बनाउनुपर्छ जसले विद्यार्थीहरूलाई केवल राष्ट्रिय सीमाभित्र सीमित नराखी, समग्र विश्वका नागरिकका रूपमा उभ्याउन सक्षम बनाओस्।

नेपालको परिप्रेक्ष्यमा, हामीले समावेशी शिक्षा प्रणालीको पक्षमा अझ गम्भीर ध्यान दिनुपर्ने आवश्यकता छ। कुनै पनि विद्यार्थी, चाहे ऊ ग्रामीण क्षेत्रको होस् वा सहरको, चाहे शारीरिक रूपमा असमर्थ होस् वा कुनै अन्य चुनौतीसँग जूझिरहेको होस्, उसलाई समान शिक्षा र अवसर प्रदान गर्न आवश्यक छ। यो केवल नेपालको शिक्षा प्रणालीमा नभई, सम्पूर्ण विश्वमा लागू हुने एक मौलिक सिद्धान्त हो। समावेशी शिक्षाले समाजलाई समृद्ध बनाउने मात्र होइन, प्रत्येक व्यक्तिलाई समान अवसर दिलाएर राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने महत्त्वपूर्ण आधारशिला पनि निर्माण गदर्छ।

तथापि, यी सुधारहरूको सार्थक कार्यान्वयनका लागि शिक्षकहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ। शिक्षकहरूलाई निरन्तर आधुनिक शैक्षिक प्रविधि सम्बन्धी जानकारी दिने, तिनीहरूको क्षमता अभिवृद्धि गर्ने र उनीहरूको मनोबल उच्च राख्ने कार्यले मात्र शिक्षा सुधारमा सफलता ल्याउन सक्दछ। शिक्षकहरूलाई रचनात्मक, समावेशी र विविधतापूर्ण शिक्षा विधिहरूको तालिम दिनु आवश्यक छ, ताकि उनीहरूले विद्यार्थीलाई जीवनका वास्तविक समस्याहरूको समाधान दिन सक्षम बनाउन्। शिक्षणलाई केवल पाठ्यक्रमको पाठ पढाउने माध्यम मात्र होइन, एक उत्प्रेरक तत्वको रूपमा विकसित गर्नुपर्ने आवश्यकता छ।

अहिलेको युगमा विश्वविद्यालय भनेको केवल डिग्री दिने संस्था मात्र

होइन, यो विचार जन्माउने थलो हो, व्यक्तित्व विकास गराउने मञ्च हो र नेतृत्वदायी क्षमता अभिवृद्धि गराउने पाठशाला हो । यहाँ तपाईंहरूले केवल किताबी ज्ञान मात्र प्राप्त गर्नुभएको छैन, तपाईंहरूले आत्मनिर्भरता, अनुसन्धानशील सोच र समालोचनात्मक विचार गर्ने क्षमताको विकास गर्नुभएको छ। शिक्षा भनेको जीवनभर चल्ने प्रक्रिया हो। विश्व दिनप्रतिदिन बदलिंदैछ, नयाँ प्रविधिहरू विकसित हुँदैछन् र नवीन अवसरहरू सिर्जना भइरहेका छन् । तपाईंहरूले सिक्न, बिर्सन र पुनः सिक्न सक्ने क्षमता विकास गर्नु अत्यावश्यक छ । नयाँ ज्ञानलाई आत्मसात गर्दै निरन्तर परिवर्तनशील प्रविधिहरूसँग समायोजन गर्ने मानसिकता नै सफलता प्राप्त गर्ने मुख्य आधार हो ।

हिजोका पुस्ताले सिकेको शिक्षा र आज तपाईंहरूले प्राप्त गरेको शिक्षा बीच धेरै भिन्नता छ। वर्तमान शिक्षाले तपाईंहरूलाई वास्तविक जीवनका चुनौतीहरूसँग जुझ्न सक्षम बनाएको छ । तपाईंहरू अब केवल विद्यार्थी मात्र होइन, समाजका जिम्मेवार नागरिक हुनुहुन्छ, जसले यो विश्वलाई अझ राम्रो बनाउने प्रयास गर्नेछन् । आजको विश्वमा शिक्षा प्रणाली तीव्र रूपमा परिवर्तन भइरहेको छ । विश्वविद्यालयहरू अब केवल किताबी ज्ञान प्रदान गर्ने थलो मात्र नभएर नवाचार, अनुसन्धान र अन्तरविषयक शिक्षाको केन्द्र बन्दै गएका छन् । शिक्षा प्रणालीको यस विकासक्रमले वैज्ञानिक खोज, प्रविधि प्रयोग, र नवाचारलाई प्राथमिकता दिइरहेको छ, जसले समाजको गति नै बदल्न सक्नेछ ।

पारम्परिक शिक्षाले मात्र पर्याप्त छैन, व्यावहारिक शिक्षाको महत्त्व दिनानुदिन बढ्दो छ । उद्योग-शिक्षा साझेदारी, अनुसन्धानमा जोड र विद्यार्थीलाई समस्या समाधानको क्षमतायुक्त बनाउने प्रयास आधुनिक शिक्षाको मेरुदण्ड बनेको छ । शिक्षा प्रणालीले विद्यार्थीलाई आत्मनिर्भर बनाउने, उनीहरूलाई सृजनशील सोच विकास गर्न प्रेरित गर्ने र समाजका जटिल समस्याहरू समाधान गर्न तयार गराउने हुनुपर्छ । विश्वविद्यालयहरूले उद्यमशीलता र नवप्रवर्तनलाई प्रवर्द्धन गर्दै शिक्षालाई रोजगारमूलक बनाउन ध्यान दिनुपर्छ ।

प्रविधिले हरेक क्षेत्रलाई रूपान्तरण गरिरहेको छ । कृत्रिम बुद्धिमत्ता (AI), ब्लकचेन, क्वान्टम कम्प्युटिङ र इन्टरनेट अफ थिङ्स (IoT) जस्ता प्रविधिहरू हाम्रो दैनिक जीवनमा अभिन्न भइसकेका छन् । डिजिटल

क्रान्तिको यो युगमा, तपाईंहरूले प्रविधिलाई आत्मसात गर्दै नवीन अवसरहरूको खोजी गर्नुपर्नेछ । शिक्षा, अनुसन्धान र प्रविधिको समुचित प्रयोगले मात्र राष्ट्रलाई विश्व प्रतिस्पर्धामा सशक्त रूपमा अघि बढाउन सक्छ । तपाईंहरूको अथक मेहनत, निष्ठा र समर्पणले देशलाई समृद्धिको मार्गतर्फ अघि बढाउनेछ ।

आजको युग डिजिटल युग हो । तपाईंहरू जुनसुकै क्षेत्रमा जानुहोस्, प्रविधिको ज्ञान र प्रयोग अनिवार्य हुनेछ । डिजिटल साक्षरताले मात्र तपाईंहरूलाई प्रतिस्पर्धात्मक बनाउन सक्छ । तर, प्रविधिले ज्ञान मात्र दिन्छ; विचारशीलता, सिर्जनात्मकता, नैतिकता र सहानुभूति भने प्रविधिले दिन सक्दैन । त्यसैले प्रविधिसँगै मानवीय गुणहरू पनि अत्यन्त आवश्यक छन् ।

दिगोपन (Sustainability) अब कुनै विकल्प होइन, यो आजको आवश्यकता भइसकेको छ । जलवायु परिवर्तन, प्राकृतिक स्रोतहरूको ह्रास र सामाजिक असमानताका समस्याहरू हामीले बेवास्ता गर्न सक्दैनौं । विश्वभरका विश्वविद्यालयहरू दिगो विकासलाई पाठ्यक्रम, अनुसन्धान र आफ्नै सञ्चालनमा समाहित गरिरहेका छन् । तपाईंहरू जुनसुकै क्षेत्रमा प्रवेश गर्नुहोस्, तपाईंहरूको कामको दीर्घकालीन प्रभावबारे सोच्नुहोस् । हरित प्रविधिहरू, वातावरणमैत्री नीति र नैतिक नेतृत्वले तपाईंहरूलाई सफल मात्र होइन, समाजका लागि जिम्मेवार नागरिक बनाउनेछ ।

विश्वविद्यालय केवल शिक्षण संस्था मात्र होइन, यो विचारहरूको जन्मस्थल हो, नेताहरू तयार गर्ने स्थान हो । यहाँ तपाईंहरूले किताबी ज्ञान मात्र आर्जन गर्नुभएको छैन, बरु सोच्ने, प्रश्न गर्ने र नवीनता ल्याउने क्षमता पनि विकास गर्नुभएको छ । तपाईंहरूले व्यवहारिक अनुभवहरू, अनुसन्धान पद्धति र नवाचार प्रविधि सिक्नुभएको छ । विश्वविद्यालयले तपाईंहरूलाई सैद्धान्तिक मात्र होइन, व्यवहारिक ज्ञानसमेत प्रदान गरेको छ, जसले तपाईंलाई भविष्यका चुनौतीहरूसँग जुध्न सक्षम बनाउनेछ ।

तपाईंहरू अब विश्व नागरिक (Global citizen) हुनुहुन्छ । प्रविधिले संसारलाई जोड्ने काम गरिरहेको छ । त्यसैले तपाईंहरूले आफ्नो विचारलाई स्थानीय सीमितताभन्दा माथि उठाएर अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउनु आवश्यक छ । भविष्यमैत्री सोच राख्नेहरूकै समय आउनेछ । कुनै पनि समस्या समाधानका लागि सहकार्य आवश्यक छ । विविध

ज्ञानका क्षेत्रमा जोड दिँदै, विभिन्न संस्कृतिहरूसँग समन्वय गर्दै काम गर्ने क्षमताले तपाईंहरूलाई सफल बनाउनेछ ।

नेतृत्व भनेको केवल पद प्राप्त गर्नु होइन, यो जिम्मेवारी उठाउनु हो, परिवर्तनको प्रेरणा दिनु हो, र समाजमा सकारात्मक प्रभाव पार्नु हो । जुनसुकै क्षेत्रमा जानुहोस्, तपाईंहरूको दूरदृष्टि, सहानुभूति, र अखण्डताले तपाईंलाई साँचो अर्थमा नेता बनाउनेछ ।

आजको प्रतिस्पर्धी संसारमा सफलता हासिल गर्न केही महत्वपूर्ण सीपहरू आवश्यक छन्:

- समालोचनात्मक सोच र समस्या समाधानको क्षमता अत्यन्त आवश्यक छ । जटिल समस्याहरूलाई बुझ्न, विश्लेषण गर्न र नवीन समाधानहरू निकाल्न सक्नु आजको युगमा अपरिहार्य भएको छ ।
- सहकार्य र सञ्चार महत्वपूर्ण छन् । अन्य व्यक्तिहरूसँग सहकार्य गर्ने, विचारहरू प्रभावकारी रूपमा प्रस्तुत गर्ने र फरक दृष्टिकोणलाई स्वीकार्न सक्ने क्षमता तपाईंहरूको व्यक्तित्वको अभिन्न अंग बन्नुपर्छ ।
- डिजिटल साक्षरता र प्रविधि अनुकूलन क्षमता आजको युगको माग हो । प्रविधिको सही प्रयोग गर्न सक्ने व्यक्ति हरेक क्षेत्रमा सफल हुनेछन् ।
- नेतृत्व र भावनात्मक बुद्धिमत्ताले तपाईंलाई असल नेता बनाउन मद्दत गर्छ । सहानुभूति, अखण्डता र दूरदृष्टियुक्त नेतृत्वले तपाईंहरूलाई सबैभन्दा उत्कृष्ट बनाउनेछ ।
- उद्यमशील सोच राख्नुहोस् । चाहे तपाईं व्यवसाय सुरू गर्नुहोस् वा अन्य संस्थामा काम गर्नुहोस्, उद्यमशील दृष्टिकोण आवश्यक छ । नयाँ सोच, नवीनता र समाधानमुखी सोचले तपाईंलाई अगाडि बढाउनेछ ।

तपाईंहरूको यात्रा प्रारम्भ हुँदैछ । आज तपाईंहरूले एउटा महत्वपूर्ण अध्याय पूरा गर्नुभएको छ, तर सिकाइको यात्रा यहीँ समाप्त हुँदैन । तपाईंहरू अब असल नागरिक, भावी नेता, वैज्ञानिक, व्यवसायी, अभियन्ता वा कलाकार बन्ने बाटोमा हुनुहुन्छ ।

जीवनको उद्देश्य भनेको सेवा गर्ने हो । तपाईंहरूको सफलताको परिभाषा

केवल उच्च पद, ठूलो तलब, वा प्रतिष्ठामा मात्र सीमित हुनुहुँदैन । सफलताको सही परिभाषा भनेको तपाईंहरूले समाजमा पुऱ्याउने प्रभाव हो । तपाईंहरूले नयाँ विचार ल्याउनुहोस्, नयाँ समाधान खोज्नुहोस् र आफूले गर्ने हरेक काममा ईमानदारी, निष्ठा, र समाजसेवा समावेश गर्नुहोस् । व्यवहार यस्तो होस् कि सबैलाई काम लागोस् ।

सुख-दुःख जीवनका पाटो हुन् । जीवन सधैं एकनासको हुँदैन । कहिलेकाहीं चुनौतीहरू सामना गर्नुपर्छ, कहिलेकाहीं सफलता पनि प्राप्त हुन्छ । तर, सफलता वा असफलता जे भए पनि, तपाईंले आफ्नो मार्गनिर्देशनलाई स्पष्ट राख्नुपर्छ ।

असफलतासँग नडराउनुहोस् । असफलता भनेको सफलता नहुनु होइन, असफलता भनेको सिकाइको एउटा महत्वपूर्ण पाटो हो । चुनौतीहरूलाई अवसरका रूपमा लिऔं । आफ्नो सपनाहरू प्रति दृढ रहनुहोस्, समाजमा योगदान दिनुहोस् र सँधै अगाडि बढ्न प्रेरित रहनुहोस् ।

सार्थक मृत्यु होस् भन्ने चाहना राख्नुहोस् । तपाईंहरूको जीवन केवल व्यक्तिगत उपलब्धिमा सीमित हुन हुँदैन, समाजलाई योगदान दिने लक्ष्य राख्नुहोस् । समाज र संसारले तपाईंहरूको विचार, नवीनता र नेतृत्वको प्रतीक्षा गरिरहेको छ । तपाईंहरू अब केवल स्नातक मात्र होइन, भविष्य निर्माण गर्ने अभियन्ता हुनुहुन्छ ।

एकपटक पुनः यस वर्षको दीक्षित हुने विद्यार्थी तथा तपाईंहरूका अभिभावकज्यूहरूलाई हार्दिक बधाई। तपाईंहरूको यात्रा सफल, सार्थक र असीमित सम्भावनाहरूले भरिपूर्ण रहोस् ।

धन्यवाद !